नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
बागलुङ

फोन नं:. -०६८-५२०३२२ (प्र.जि.अ.)
०६८-५२०२३३ (प्रशासन)
फ्याक्स नं:.-०६८-५२०१३३
वेबसाइट: daobaglung.moha.gov.np

पत्र संख्या:- ०७९।८०
चलानी नं.:- ३५८८

मिति :-२०८०।०२।३०

**विषय :- वैठकको निर्णय पठाईएको।**

**श्री जिल्लास्थित स्थानीय तह १० सबै, बागलुङ।**
**श्री पूर्वाधार विकास कार्यालय, बागलुङ।**
**श्री जिल्ला प्रहरी कार्यालय, बागलुङ।**
**श्री जिल्ला ट्राफिक प्रहरी कार्यालय, बागलुङ।**
**श्री यातायात व्यवसायी संस्था सबै, बागलुङ।**
**श्री राष्ट्रिय उपभोक्ता मञ्च, बागलुङ।**
**श्री नेपाल यातायात मजदुर व्यवसायी संघ, बागलुङ।**
**श्री नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, बागलुङ।**

आज मिति २०८० जेठ ३० गतेका दिन बागलुङ जिल्लामा संचालित सवारी साधनहरुको अस्थायी रुपमा मार्ग निर्धारण गरी भाडा निर्धारण गर्ने सम्वन्धमा प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन,२०७६ को दफा १८७ मा व्यवस्था भए बमोजिम अस्थायी मार्ग तथा भाडा निर्धारण गर्ने प्रयोजनका लागि बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठज्यूको संयोजकत्वमा बसेको बैठकको निर्णय पठाईएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

२०८०।२।३०
चित्राङ्गत बराल
सहायक प्रमुख जिल्ला अधिकारी

आज मिति २०८० जेठ ३० गते मंगलवारका दिन बागलुङ जिल्लामा संचालित सवारी साधनहरुको अस्थायी रुपमा मार्ग निर्धारण गरी भाडा निर्धारण गर्ने सम्वन्धमा प्रदेश सवारी तथा यातयात व्यवस्था ऐन ,२०७६ को दफा १८७ मा व्यवस्था भए बमोजिम अस्थायी मार्ग तथा भाडा निर्धारण गर्ने प्रयोजनका लागि बागलुङ जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठ ज्यूको संयोजकत्व तथा समितिका अन्य सदस्य ज्यूहरुको समुपस्थितिमा बसेको बैठकको उपस्थिती तथा निर्णयहरु तपशिल बमोजिम रह्यो ।

तपशिलः

प्रमुख जिल्ला अधिकारी श्री रोशनी कुमारी श्रेष्ठ, जिल्ला प्रशासन कार्यालय,बागलुङ - संयोजक

कार्यालय प्रमुख श्री गणेश सुवेदी, पूर्वाधार विकास कार्यालय, बागलुङ- सदस्य

कार्यालय प्रमुख श्री मिन बहादुर खड्का, जिल्ला ट्राफिक प्रहरी कार्यालय, बागलुङ- सदस्य

यातायात व्यवसायी संस्थाको प्रतिनिधि श्री - सदस्य

कार्यालय प्रमुख श्री पारसिङ्ग थापा मगर, यातायात व्यवस्था कार्यालय बागलुङ- सदस्य सचिव

विशेष उपस्थितिः

सहायक प्रमुख जिल्ला अधिकारी श्री चित्राङ्गत बराल, जिल्ला प्रशासन कार्यालय, बागलुङ ।

प्रहरी नायब उपरीक्षक श्री मदन के.सी., जिल्ला प्रहरी कार्यालय, बागलुङ ।

अध्यक्ष श्री शैलेन्द्र कुमार खड्का राष्ट्रिय उपभोक्ता मंच बागलुङ ।

अन्य उपस्थितिः

अध्यक्ष श्री उमेश के.सी. धौलागिरी गण्डकी यातायात सेवा प्रा.लि. बागलुङ ।

अध्यक्ष श्री भुपेन्द्र खड्का बागलुङ भगवती यातायात सेवा प्रा.लि. बागलुङ ।

अध्यक्ष श्री जयन्द्रराज पन्त धौलागिरी कालिका यातायात प्रा.लि. बागलुङ ।

मजदुर प्रतिनिधि श्री ध्रुब खड्का

अधिकृत श्री बद्रीनाथ गौतम, यातायात व्यवस्था कार्यालय, बागलुङ ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

निर्णयहरुः

१.यातायात व्यवस्था विभागबाट सार्वजनिक सवारी साधनहरुको भाडादर घटबढ भएमा सोही अनुसार तत्काल घटबढ गर्ने गरी हाललाई तपसिल अनुसार अस्थायी भाडादर कायम गर्ने निर्णय गरियो।

तपसिलः

| क्र.सं. | देखि | सम्म | कायम भएको भाडादर | |
|---|---|---|---|---|
| | | | बस | जीप |
| १. | बागलुङ बजार | अक्षेते ,बागलुङ | ७५।- | १००।- |
| २. | बागलुङ बजार | सुल्डाँडा, बागलुङ | ९०।- | १३०।- |
| ३. | बागलुङ बजार | घोडाबाँधे, बागलुङ | २५५।- | ३५०।- |
| ४. | बागलुङ बजार | नरेठाँटी, बागलुङ | ४१०।- | ५२०।- |
| ५. | बागलुङ बजार | हटिया, बागलुङ | ४५०।- | ५७०।- |
| ६. | गल्कोट, हटिया | ताराखोला | | ४००।- |
| ७. | बागलुङ बजार | हरिचौर ,बागलुङ | ४५०।- | ७००।- |
| ८. | बागलुङ बजार | काँडेवास, बागलुङ | ५००।- | ६५०।- |
| ९. | बागलुङ बजार | मनेवापाटा रिघा, बागलुङ | ५८५।- | ७००।- |
| १०. | बागलुङ बजार | खरवाङ, बागलुङ | ६३५।- | ७३०।- |
| ११. | बागलुङ बजार | बडीगा ग्वालीचौर ,बागलुङ | ६५०।- | ८००।- |
| १२. | बागलुङ बजार | भिमगिठे, बागलुङ | ६९०।- | ८४०।- |
| १३. | बागलुङ बजार | बुर्तिबाङ ,बागलुङ | ८३०।- | ९८०।- |
| १४. | बुर्तिबाङ | बोंगादोभान | | २००।- |
| १५. | बागलुङ बजार | जुग्जाखोला, बागलुङ | ९८०।- | ११६०।- |
| १६. | बागलुङ बजार | कुश्मीसेरा हुँदै हुग्दिशिर | ५५०।- | ९७०।– |
| १७. | बागलुङ बजार | सिगाना हुँदै हुग्दिशिर | | ७७०।– |
| १८. | बागलुङ बजार | कुश्मीसेरा ,बागलुङ | २३०।- | २६०।- |
| १९. | बागलुङ बजार | अर्गल ,बागलुङ | | ९००।- |
| २०. | बागलुङ बजार | रत्नेचौर, म्याग्दी | ६०।- | ८५।- |
| २१. | बागलुङ बजार | रत्नेचौर हुदै बेनी बजार, म्याग्दी | १००।- | १२०।- |

२.जिल्लामा सदरमुकाम देखि सञ्चालन हुने प्रत्येक गन्तब्य स्थान सम्मको दूरी (कि.मि. मा) र भाडादर सर्वसाधारण यात्रुहरुले देख्ने गरि पारदर्शी तवरले टाँस गर्ने सम्वन्धमा यातायात व्यावसायीहरुमार्फत कार्यान्वयन गर्ने गराउने निर्णय गरियो।

३.स्थानीय तह भित्रका सडकहरुको सम्वन्धमा सम्वन्धित स्थानीय तहले भाडादर तोकी कार्यान्वयनमा ल्याउने निर्णय गरियो।

४. यातायात व्यवस्थासम्बन्धी कानूनी व्यवस्था अनुसार सिट, भाडादर, छुट सुविधा सहितको आरक्षणको व्यवस्थालाई कडाईका साथ लागू गर्ने।

५. यातायातका साधनहरु सञ्चालन अगाडी मेकानिकल चेकजाँच गरी सञ्चालन योग्य सवारी साधन मात्र सञ्चालन गर्ने।

२०८०/०२/३०
रोशनी कुमारी श्रेष्ठ
प्रमुख जिल्ला अधिकारी